# 3 जीवन र मृत्युको मासिला

*<u>यस अध्यायका मूल पदहरू</u>* मत्ती ५:२१-३०, हितोपदेश ६:२१, ७:३, ६:२३, ७:२, ६:२४, ६:३०,३१ र ७:२६,२७।

*<u>स्मरण गर्नुपर्ने मूल पद:</u>* **"तिम्रो पिताका आदेशहरू दियो जस्तै छन्। तिम्रा माताका शिक्षाहरू बत्ती जस्तै छन्। (घरमा) जुन तालिम तिमीले प्राप्त गर्छौ त्यसले तिमीलाई सच्याउँदै जीवनतिर दोऱ्याउँछ।"** हितोपदेश ६:२३ रूपान्तरित।

**एउटा घरमा दुई दाजुभाइ थिए।** आमाले बनाएको केकलाई नखानु भनेर कडा आदेश उनले तिनीहरूलाई दिएर उनी बाहिर निस्किन्। यदि त्यो केक खाएमा तिनीहरूले सजायँ पाउनेछौ भनेर पनि आमाले तिनीहरूलाई चेतावनी दिएकी थिइन्।

जब आमा घरबाट बाहिर निस्किन् र टाढा पुगिन् ती दाजुभाइले नखानु भनेकै केकमा आँखा पुऱ्याए। त्यो केकको स्वाद तिनीहरूको मगजमा घुस्न थालेको थियो। केही मिनेटमै त्यो केक खान तिनीहरूले निर्णय गरे। तिनीहरूले यो तर्क गरेर त्यो केक खाए "यो जीवन र मृत्युको मामिला होइन। हाम्रो आमाले हामीलाई कहिल्यै पनि मार्नु हुन्न। त्यसकारण हामी मिलेर त्यो केक खाऔं।"

ती दाजुभाइको कथा जस्तो नभएर हितोपदेशमा भएको गुरूले यस्तो मामिलाको बारेमा लेख्दछन् जुन् जीवन र मृत्युको सवाल छ। उनको भाषा कडा र अत्यन्त स्पष्ट छ। अनन्त जीवन र मृत्युको बारेमा चर्चा गर्दा येशू आफैले कडा शब्दहरू प्रयोग गर्नुभएको थियो। (मत्ती ५:२१-३०)। यहाँ र अहिले नै जे निर्णय गर्छौं त्यसमा हामीहरूको भविष्य झुन्डिएको हुन्छ भनेर हामीले थाहा पाउनु अत्यन्त जरुरी छ। त्यसकारण हितोपदेशमा उल्लेखित गुरूले के भनिरहेका छन् सो अत्यन्त ध्यानपूर्वक सुन्नु आजको ठूलो आवश्यकता मान्नुपर्छ।

## १ हामीहरूको जीवनलाई अर्थमूलक बनाउने नीति (हितोपदेश ६:२१)

**परमेश्वरको व्यवस्था वा दश आज्ञालाई किन शिरोपर गरेर हिँड्नुपर्छ भनेर देहायका पदहरूमा शब्द-चित्र कोरेर बताएकाछन्। हेर्नुहोस् "ए मेरो छोरा, आफ्नो बुबाले भनेअनुसार गर् र आफ्नी आमाको अर्ती नबिर्स। २१ तिनीहरूका वचनहरू आफ्नो हृदयमा सधैं साँचिराख्।"- (हितोपदेश ६:२०-२१), "सधैं मेरो शिक्षा पालन गर्, त्यो तिम्रो हृदयको पाटीमा लेखिराख्।" (हितोपदेश ७:३)।"**

भावनाहरू र सोचाइहरूको केन्द्रविन्दु हृदय वा मन हो भनेर हितोपदेशको पुस्तकमा उल्लेख गरेको अगाडिको पाठमा हामीले हेऱ्यौं। व्यवस्था अर्थात् नीतिलाई हृदयमा सजाएर राख भनेर गुरूले यहाँ भन्दछन्। त्यसको अर्थ हामी जहिले पनि व्यवस्था वा नीतिसँग गाँसिएर बस्नुपर्छ भनेर मनमा राख्नुपर्छ। कुनै पनि बहाना निकालेर व्यवस्थाबाट एक छिन पनि भडकिनु हुन्न। यथार्थमा त्यो किनभने परमेश्वरको व्यवस्थाले हामी पापी हौं भनेर सजग गराउँछ (रोमी ७:७)। हृदयका पानाहरूमा त्यस व्यवस्था लेखिराख्नुपर्छ भनेर छोरा भनेर सम्बोधन गर्दै गुरूले तर्क गर्दछन्(हितोपदेश ७:३)। हृदयका पाटीहरूमा लेखियोस् भनेर परमेश्वरले दश आज्ञाहरू ढुङ्गाका पाटीहरूमा लेख्नुभएको थियो (प्रस्थान् २४:१२। त्यो भन्दा पहिले उहाँले मुखबाट ती दश आज्ञाहरू दिनुभएको थियो (प्रस्थान २०:१-११)।

हामीहरूको हृदयका पानाहरूमा परमेश्वरको व्यवस्था लेखिराख्नुको अर्थ त्यो केवल के गर्नुपर्छ के गर्नु हुँदैन भनेर नियमको सूची बनाएर राख्नेमात्र होइन। तर परमेश्वरको व्यवस्था अर्थात् नीति हामीहरूको दिमागभित्र घुसाइराख्नुपर्छ जसले हामीहरूको भित्री मन वा स्वविवेकको चाहना र योजनालाई असर पार्न ठाउँ दिन्छ। हामीहरूको भित्री व्यक्तिलाई परिचालन गर्ने उर्जा पनि हो। त्यस सन्दर्भमा पावलले यसरी खुलासा गर्दछन् "तिमीहरूभित्र रहेको ख्रीष्ट नै महिमाको आशा हो" (कलस्सी १:२७)। हामीहरूको यथार्थ दैनिक जीवनलाई हरदम अगुवाइ गर्ने तत्व नै परमेश्वरको दश आज्ञा हुनु नितान्त आवश्यक

छ। परमेश्वरको व्यवस्थालाई घाँटीमा बाँधी राख भनेर किङ्ग जेम्स र अरू अनुवादहरूमा लेखिएको छ। त्यसको अर्थ हामीहरूको हृदयको नजिक राख्नुपर्छ भनेर देखाएको हो। बाइबलको समयमा आफ्ना महङ्गो र मूल्यवान बस्तुहरू घाँटीमा झुन्ड्याइ राख्थे। घाँटी त्यो अङ्ग हो जहाँबाट हावा भित्र पस्छ। त्यसले मानिसलाई सास र जीवन दिन सहयोग गर्छ। हिब्रू भाषामा नेफेश-nephesh - (आत्मा वा प्राण)को अर्थ जीवन हो। घाँटी र सास फेर्ने शब्दबाट त्यो अर्थ निकालिएको हो।

हातका औँलाहरूमा व्यवस्था बाँधी राख भनेर पनि अरू अनुवादहरूमा (अङ्ग्रेजी)उल्लेख गरिएका छन् जसको अर्थ व्यवस्थालाई कार्यान्वन गर्नु हो। औँलाहरू अत्यन्त संवदेनशील अङ्ग हुन्। यो व्यक्तिगत निर्णयले चलाउने अङ्ग हो। चाहे ठूलो निर्णय हामी गरौं वा सानो निर्णय हामी गरौं परमेश्वरको नीति वा व्यवस्थाले त्यसलाई छुनुपर्छ (लूका १६:१० पढ्नुहोस्)।

शरीरको अङ्गसँग जोडेर परमेश्वरको व्यवस्थाको बारेमा दिएको शब्दचित्रहरू केवल प्रतिकको रूपमामात्र दिइएको कुरा चासोको विषय हो। तर प्रायजसो सबै धर्महरूमा कतिपय प्रतिकहरूलाई भौतिक तत्वहरूद्वारा देखाइएको पाइन्छ। यहूदीहरू साना साना बाकसहरू र पेटीहरू शीरमा र औँलाहरूमा वा बाँध्छन् भने कतिपय इसाईहरूले क्रुसलाई घाँटीमा झुन्ड्याइएको हुन्छ। कतिपय मुस्लिम, इसाई, हिन्दु तथा बौद्ध धर्मालम्बीहरूले प्रार्थनाको प्रतिक मालाहरूलाई पहिरिएका हुन्छन् वा औँलामा गनेर बसेका हुन्छन्।

**हो भौतिक प्रतिकहरूले अध्यात्मिक कुराहरूलाई सम्झना गराउन सहायता त गर्छन्। तर ती भौतिक प्रतिकहरूलाई साँच्चिकै आत्मिक तत्वहरू हुन् र त्यसलाई पूजा पनि गर्नुपर्छ भन्ने धारणबाट हामी कसरी सचेत हुने?**

## २. ज्योति वा ज्ञानोदय र जीवन (हितोपदेश ६:२३)

**अर्ती वा वुद्धिज्ञान मानिसको निम्ति ज्योति वा आत्मज्ञानको बत्ती हो भनेर हितोपदेश ६:२३ ले कसरी बताउँछ? हेर्नुहोस्: "तिनीहरूको अर्तीचाहिँ उज्यालो ज्योति हो, तिनीहरूको सुधारले तिमीलाई आफ्नो जीवन बिताउन सिकाउँछ।"**

परमेश्वर र उहाँको व्यवस्था वा नीतिलाई ज्योति वा आत्मज्ञान अर्थात् ज्ञानोदयसँग तुलना गरिएको छ। भजन ११९:१०५मा लेखिएको छ "मेरो पाइलाको निम्ति तपाईंको वचन दियो हो र मेरो बाटोको निम्ति ज्योति हो।" ज्ञानज्योति र व्यवस्था अर्थात् परमेश्वरको नीतिको अवधारणाको बीचमा सम्बन्ध हुन्छ भन्ने हिब्रू दर्शनले सिकाउँछ। जसरी बत्तीले हामीहरूको हिँड्ने बाटोलाई देखाउँछ त्यसरी नै परमेश्वरको व्यवस्था वा नीतिले हामीहरूको जीवनको बाटोलाई सही अर्थमा दोऱ्याइरहेको हुन्छ। उदाहरणमा जब हामी ठिक र बेठिकको बीचमा निर्णय गर्नुपर्दा परमेश्वरको व्यवस्थाले कुन् ठीक र कुन् बेठिक भनेर छुट्याउन सहयोग गर्छ। नराम्रो वा गलत काम गर्न हामी फस्न खोज्दा पनि यदि परमेश्वरको व्यवस्था हामीहरूको हृदयमा छ भने उक्त नराम्रो बाटोमा हिँड्नबाट हामीलाई जोगाउँछ।

**मानव संस्कार निर्मित विवेकले अन्य कुरा भनेतापनि परमेश्वरकै व्यवस्थामा चल्दा भलो भएको बाइबलमा त्यस्तो केही उदाहरणहरू छ कि हेर्नुहोस्? तिनीहरूले परमेश्वरको मार्गमा हिँड्दा पाएको फाइदाबाट हामी के सिक्न सक्छौं? मानिसहरूले देखाएको अनुसार वा चलनचल्तीको नकल गरेर परमेश्वरको नीतिबाट पन्छिएर बसेको भए तिनीहरूलाई के हुन्थ्यो होला?**

**परमेरश्वरको व्यवस्था वा उहाँको नीति जीवनसँग किन जोडिएको छ हेर्नुहोस् माथिको हितोपदेश ६:२३ सँग हितोपदेश ७:२-४ "मैले भनेअनुसार गर् र तिमी जिउनेछौ। तिम्रा आँखाका नानी जोगाएझैं मेरा अर्ती मान्न होश गर्। ३ सधैं मेरो शिक्षा पालन गर, त्यो तिम्रो**

**हृदयको पाटीमा लेखिराख्। ४ बुद्धिलाई बहिनीजस्तो र अन्तर्दृष्टिलाई परममित्रजस्तो व्यवहार गर्।"**

अदनको बगैंचामा परमेश्वरले निषेध गर्नुभएको फल खाँदा पतन भएको मानिसले परमेश्वरको व्यवस्था पालन गर्‍यो भन्दैमा उसले मुक्ति पाउँदैन तर ख्रीष्टमाथि विश्वास गरेर मात्र उसले पापबाट छुट्कारा पाउन सक्छ। तर ख्रीष्टबाट मुक्ति पाएको छ भन्ने सबूद प्रमाण यदि उसले दिन चाहन्छ भने परमेश्वरको शक्तिले उहाँको नीति वा व्यवस्था पालन गर्न सकिरहेको छ भनेर देखाउनुपर्छ। परमेश्वरको आज्ञा पालन भक्तिजीवनको प्रमूख भाग हो (मत्ती १९:१७, प्रकाश १४:१२)। परमेश्वरको वचनलाई शिरोपर गर्छौं किनकि उहाँले इस्राएलीहरूलाई भन्नुभएको थियो कि "म तिमीहरूको परमप्रभु परमेश्वर हुँ" (लैव्य १८:४)। परमेश्वरको व्यवस्था जीवनसँग गाँसिएको छ किनकि हाम्रो सनातन सृष्टिकर्ता परमेश्वर जीवनको स्रस्ता हुनुहुन्छ। सच्चा आत्मिक जीवनको नीति यो होः वर्तमान जीवनलाई सही बाटोमा हिँडाउन हामीले परमेश्वरमाथि भरोसा राख्छौं, जसरी अनन्त जीवनको निम्ति उहाँले दिनुभएका प्रतिज्ञाहरूमा हामी भरोसा राख्छौं।

**येशूले भन्नुभयो "संसारको ज्योति मै हुँ। जो मानिस मेरो पछि लाग्छ त्यो मानिस अंधकारमा हिँड्ने छैन। तर उसमा जीवनको ज्योति चम्किरहन्छ।" (यूहन्ना ८:१२ रूपान्तरित)। परमेश्वरसँग हिँड्ने क्रममा के तपाईंले उहाँको अचम्मको त्यस प्रतिज्ञाको प्रत्याभूति पाउनुभएको छ?**

## ३. लोभ, लालच र जीवनलाई ध्वस्त पार्ने क्षणिक आकर्षणसँग भिँडिरहनु (हितोपदेश ६:२४)

हितोपदेश ६:२३को लेखकले पवित्र आत्माको अगुवाइमा ज्योति र परमेश्वरको व्यवस्थाको बीचमा भएको घनिष्ठ सम्बन्धको बारेमा हामीले भर्खरै हेर्‍यौं। अर्को पदमा परमेश्वरको व्यवस्था वा अर्ती जुन् ज्योति र जीवन हो, त्यसले हामीलाई आत्मिक रूपमा सुरक्षित कसरी राख्न सक्छ भन्ने बलियो उदाहरणसहित दिएको हेरौं।

**हितोपदेश ६:२४,२५मा के कुराहरूमा सतर्क गराइएको छ?
मूल चेतावनीचाहिँ स्पष्ट छ। तर त्यसमा खुला नगरिएको अर्को के
चेतावनी छ? हेर्नुहोस् " त्यसले तिमीलाई भ्रष्ट स्त्रीहरू र अर्काका
पत्नीहरूका पापमा फसाउने मीठो बोलीबाट टाढा राख्नेछ। 25
तिनीहरूका सुन्दरताको लालसा नगर्, तिनीहरूका चञ्चल आँखाका
हेराइले तिमीलाई नफसाओस्।"**

जब अध्यात्मिक मार्गमा हिँड्ने मानिसहरू लोभ वा मोहमा फस्छन् तब पाप गर्न धर्मबाट नै बहाना निकाल्ने चुतुऱ्याई निकाल्छन्। धार्मिक अगुवाहरू धर्मलाई नै अस्त्र बनाएर फस्नु ठूलो परिक्षा वा धरापमा पर्नु हो। परमेश्वरको नाउँमा कुनै बहाना निकाले खराब आचरण देखाउनु परमेश्वरको निन्दा गर्नु हो। यो धोकापूर्ण आदत हो। कोही गलत बाटोमा लाग्ने वा गलत काम गर्ने मानिसले "परमेश्वर मेरो साथमा हुनुहुन्छ" भनेर दावी गर्दा ऊ ठिक वा बेठिक छ भनेर कसरी छुट्याउने? प्रायजसो व्यभिचारको मामिला यो लागु हुनसक्छ। कतिपय धार्मिक अगुवाले भन्न सक्छ "परमेश्वरले नै त्यस स्त्री (वा पुरुषसँग) रहनुपर्छ भनेर मलाई बाटो देखाउनुभयो।" यदि त्यस कुरामा तिनीहरूले विश्वास गर्छन् भने तिनीहरूसँग कसले विवाद गर्न सक्छ र?

चरित्रहिन स्त्रीको आकर्षित अनुहारले मात्र त्यस मानिसलाई धरापमा पार्दैन। तर मिठो बोली, चिप्लो घस्ने वचनहरूले शिकारलाई आफ्नो पासोमा पार्छे। कतिपय मानिसहरू चलाकी र लोभ्याउने वचनहरूको माथमा पर्दा गलत परिस्थितिमा आफूहरूलाई पारेको पाइन्छ। धर्मको खोल ओढाएर भएपनि गलत वचनहरूले मानिसलाई पासोमा पार्नसक्छ। यस्तो किसिमको पासोबाट उम्कन हितोपदेशको लेखकले हामीलाई चेतावनी दिँदछन्। (व्यभिचारको मामिलामा मात्र होइन, परमेश्वरबाट टाढा राख्न र जीवनलाई तहसनहस पार्न जुनसुकै चिप्लो घस्ने बोली हामीकहाँ आउँछ भने त्यसबाट हामी सतर्क अपनाउनुपर्छ)।

"चिप्लो घसेर चरित्रहिनको, चाहे महिला होस् वा पुरुष होस्, फन्दामा नपर्न परमेश्वरको व्यवस्था अचूक औषधी हो। झट्ट हेर्दा सत्य

र सुन्दर बोली तर फस्ने जालबाट जोगिने उपाय केवल परमेश्वरको व्यवस्था र त्यस अनुसार चल्नु नै बुद्धिमानी हो। तपाईंलाई फसाउने व्यक्ति (स्त्री वा पुरुष)ले तपाईं कतिको ज्ञानी, चलाक र सुन्दर वा सुन्दरी छ भनेर मोहमा पार्न सक्छ। त्यो मात्र होइन उनको/उसको आत्मिक आवश्यकतालाई पनि तपाईंको सामु पोख्न सक्छ। अनि परमेश्वरको प्रेमको नाउँमा बहाना निकाल्दै तपाईंलाई फसाउन सक्छ। पापको मुखमा फस्न यो अत्यन्त कुटिल र खतरापूर्ण चाला हो भनेर प्रत्येक स्त्री वा पुरूष सतर्क हुनुपर्छ।

**विश्वासको खोल ओढेर वा धर्मको नाउँमा हामीलाई व्यभिचार जस्तो गलत बाटोमा सजिलैसँग फस्न सक्ने तत्वको बारेमा सोच्नुहोस्। चाहे क्रियाकलापमा होस् वा दिमागमा अनेकौं खेल खेलाउन होस् वा कसैको कुटिल चालबाट जोग्न होस्, परमेश्वरको व्यवस्थालाई पूर्ण रूपमा आत्मसात् गरेर बस्नु नै हामी सबैको हित हो भन्ने आत्मज्ञानसम्म हामी कहिले पुग्ने?**

## ४. “तिमीले चोरी नगर्नु" (हितोपदेश ६:३०,३१)

व्यभिचारको मामिलामा (हितोपदेश ६:२४-२९) चर्चा गरेको लगत्तै यस अर्तीको लेखकले मानिसहरूलाई लिप्त पार्ने अर्को पापको बारेमा चर्चा गर्दछन्: त्यो हो अर्काको बस्तुलाई उसको अनुमतीबिना लिनु वा चोर्नु (हितोपदेश ६:३०:३१)। दश आज्ञाहरूमा दुई आज्ञाहरूको (व्यभिचार र चोर्नु) सम्बन्धलाई जोडेको देख्दा एउटा अवज्ञाले अर्को अवज्ञालाई कसरी प्रभाव पार्छ भनेर देखाउँछ। दश आज्ञाहरूमा कुनचाहिँ आज्ञालाई पालन गर्ने कुनचाहिँ आज्ञालाई पालन नगरेपनि हुन्छ भन्ने मनस्थिति अत्यन्त खतरापूर्ण हुनसक्छ। त्यो त झन पूरं दश आज्ञाहरूलाई नमान्नुभन्दा जोखिमपूर्ण हुन्छ। “परमेश्वरको आज्ञाहरू तोड्ने वा भयङ्कर ठूलो पापीको पापी जीवन यस संसारको भ्रष्ट र पापको एकदम बलियो उदाहरण होइन। तर परमेश्वरको अगाडि त्यो मानिसको भ्रष्ट हुन्छ जब बाहिरी रूपमा शुद्ध, असल, स्वच्छ छवी,

आदरणीय र आदर्श व्यक्ति देखिन्छ तर एउटा पापलाई हृदयभित्र सजाएर राखेको हुन्छ....बाहिरी रूपमा धर्मात्मा, सत्यवादी, आदर्श देखिएतापनि दश आज्ञाहरूमा केवल एक आज्ञामात्र तोडेतापनि उसले पाएको उच्च आदर्शको उपहारलाई दुर्व्यवहार गरेको ठहर्छ र त्यस्तो व्यक्ति पापको धरापमा परिरहेको देखाउँछ।"-एलेन जी ह्वाइट, एजुकेशन, पृ. १५०बाट रूपान्तरित।

**यदि गरिबले चोर्दा पनि उसले चोरेको भेट्टाएभने उसले के गर्नुपर्छ, हेर्नुहोस् हितोपदेश ६:३०,३१ "साह्रै भोक लागेको मानिसले आफ्नो भोक मार्न चोरी गऱ्यो भने, मानिसहरूले त्यसलाई घृणा गर्दैनन्। ३१ तापनि त्यो पक्राउ पऱ्यो भने त्यसले सात गुणा बढ़ी तिर्नैपर्ने हुन्छ, शायद त्यसले आफ्नो घरको सारा सम्पत्तिसम्म दिनुपर्नेछ।"**

उपरोक्त पदले गरिब, दरिद्र, भोकभोकै वा आवश्यक भयो भन्दैमा चोर्ने निहुँलाई समाजले मान्यता दिँदैन। तर भोकले मर्न लागेको चोरलाई घृणा गर्नु आवश्यक छैन। तर चोरेपछि चोरेको सामानको सातगुणा उसले फिर्ता दिनैपर्छ। त्यसको अर्थ उसको कठिनाइ वा दुःखकष्ट आफै पनि पाप होइन न त पाप गर्न निहुँ बन्छ। सबै गरिबहरूको पेट हामीले भर्नुपर्छ वा आवश्यकता पूरा गर्नुपर्छ भनेर बाइबलले हामीलाई बताइएको छैन। फेरि गरिबहरूले खानको निम्ति चोर्नुपर्छ भनेर पनि बाइबलले भन्दैन (व्यवस्था १५:७,८)।

व्यभिचारबाट चोर्नुको बारेमा चर्चा गरेर लेखकले फेरि व्यभिचारकै बारेमा चर्चा गर्न फर्किएको रोचक मान्नुपर्छ। हितोपदेश ६:३२-३५ले भन्दछः "तर व्यभिचार गर्ने मानिस विनासमझको हुन्छ, यस्तो काम गर्नेले आफूमाथि बरबादी ल्याउँछ। ३३ त्यसले मुक्का र बेइज्जत पाउनेछ, र त्यसको अपमान कहिल्यै मेटिनेछैन, ३४ किनभने डाहले श्रीमान्‌को क्रोधलाई उत्तेजित गराउँछ, र दयामाया नदेखाईकनै त्यसले बदला लिन्छ। ३५ त्यसले कुनै क्षतिपूर्ति ग्रहण गर्नेछैन, जत्तिसुकै घूसले पनि त्यसलाई मनाउन सकिँदैन।"

चोर्नु र व्यभिचार गर्नु पाप झण्डै एउटै हो। तर उल्लेखनीय कुरो के छ भने बस्तु चोर्दा केवल सामानमात्र गुमिएको हुन्छ। तर व्यभिचार गर्दा झन ठूलो कुरा गुमिएको हुन्छ। कुनै चिज चोरियो भने त्यसको हर्जाना तिर्न सकिन्छ। तर व्यभिचारको मामिलामा विशेष गरेर बालबालिकाहरू समाबेश हुन्छ, त्यसले ल्याउने क्षती चोर्नुभन्दा पनि धेरै गम्भिर हुन्छ।

““तिमीले व्यभिचार नगर्नु।" यस आज्ञाले मानिसलाई मनमा कुनै यस्तो किसिमको खेल खेलाउन अनुमती दिँदैन जुन यौनसम्बधि अशुद्ध बिचार र चाहना हुन्छ न त कुनै यस्तो क्रियाकलाप जसले अनैतिक व्यवहार गर्न उक्साउँछ।...परमेश्वरको व्यवस्था वा दश आज्ञाको गहिरो अर्थ सिकाउने ख्रीष्टले भन्नुभएको थियो कि अशुद्ध वा पापी सोच र पापी आँखाले हेर्नु पनि त्यतिकै पापपूर्ण छ जुन् मानौं उसले अवैध काम गरेको जस्तै ठहर्छ।"-एलेन जी ह्वाइट, पाट्रियार्क एण्ड प्रोफेटस्, पृ. ३०८बाट रूपान्तरित।

## ५ मृत्युको धम्की (हितोपदेश ७:२२,२३)

पाप गर्ने प्रायजसो मानिसहरूले पाप गर्दा मर्नुपर्छ भन्ने कुरामा चासो नदेखाएको देखिन्छ। पापबाट पाउने बर्तमान संतुष्टि र आनन्दको बारेमा सोच्न प्रायजसो तिनीहरूले समय दिएको हुन्छ। बर्तमान लोकप्रिय संस्कार जस्तै अश्लिल फिल्महरू, उत्तेजित गीतहरू, दिमागमा व्यभिचार उठाउने पत्रपत्रिका वा पुस्तकहरू र अरू पापहरू कतिपय मानिसहरूको निम्ति ठिकै जस्तो लाग्न सक्छ। तर पापको सही अर्थ वा बोध हितोपदेशको पुस्तकले हामीलाई दिइएको छ। त्यससंग सहमती गर्दै पावलले पनि भन्दछन्: “पापको ज्याला मृत्यु हो।" (रोमी ६:२३)।

**जिउ मास्ने पेशा, यौनदुर्व्यहार वा व्यभिचार मानिसको निम्ति अत्यन्त आहत दिने आचरण हो भनेर हितोपदेश ७:२२,२३ले बताउँछ। कामुकलाई प्राथमिकता दिएर चल्ने मानिसहरूले आफूलाई के गरिरहेको**

**छ भन्ने कुराको किन ख्याल गर्दैन? हेर्नुहोस्: "तुरुन्तै ऊ त्यसको पछि लाग्यो, वधशालातिर लागेको गोरुझैं, पासोतिर अगि बढ़िरहेको मृगझैं। २३ तब बाणले त्यसको मुटु नै छेड़िदिन्छ,जालतिर वेगले उड़ेको चराझैं, आफ्नो ज्यानै गुमाउँछु भन्ने उसलाई ज्ञानै छैन।"**

"जो उनको पछि लाग्छ" भन्दा त्यस व्यक्तिको व्यक्तित्वको बारेमा बयान गर्छ जसको व्यक्तित्व र आत्मनिर्णय गर्ने क्षमता गुमाएको हुन्छ। त्यस मानिस आफ्नै सोचबिचार वा दिमागको अधिनमा रहन असक्षम् भएको हुन्छ। त्यस ब्यक्ति राँगोसँग तुलना गरिएको गरिएको छ जो मारेर बेच्ने बधशालाको व्यापारी। त्यो मूर्ख मानिस जस्तो हो जसलाई वशमा राख्न वा उचित काम गर्न सिकाउन लठ्ठामा बाँधिन्छ। त्यो मानिस चरा जस्तो हो जो उडेर आएर पासोमा पर्न हतार गर्छ।

**चरित्रहिन महिला वा पुरुष कतिको खतरनाक हुन्छ भनेर हितोपदेश ७:२६,२७ले कसरी बताउँछ? हेर्नुहोस: "त्यसले धेरै जनालाई नष्ट पारेकी छे, त्यसको शिकार बन्नेहरू असंख्य छन्। २७ त्यसको घर पाताल जाने बाटो हो, जसले मृत्युका कोठाहरूतिर पुऱ्याउँछ।"**

यहाँ स्त्री भनेर सम्बोधन गर्दा केवल परपुरुषगामी वा परस्त्रीगामी वा यौनदुराचारीलाई मात्र नभनी त्यो भन्दा गहिरो अर्थलाई सम्बोधन गरेको आभास् दिन्छ। बुद्धिभन्दा उल्टो भएको दुर्गुण वा मूल्य भएको त्यस स्त्रीलाई सम्बोधन गर्छ। (बुद्धिलाई नारीको संज्ञा दिएका हितोपदेशको पुस्तकमा जतातते पाइएको छ)। राजा सोलोमनले आफ्ना पाठकवर्गहरूलाई कुनै किसिमको दुष्ट, खराब आचरणबाट पर बस भनेर मानिसको जीवनलाई नष्ट गर्ने भ्रष्ट चरित्रभएकी स्त्रीको संज्ञा दिएर चेतावनी दिन्छन्। दुष्ट स्त्री वा पुरुषसँग लाग्नु यति महान् जोखिमपूर्ण छ कि त्यसले मानिसलाई घाइतेमात्र होइन मार्छ पनि। त्यसखालको स्त्रीमा यस्तो शक्ति हुन्छ कि जस्तोसुकै मैहुँ भन्न हस्तीहरूलाई पनि मार्न क्षमता हुन्छ। अर्को अर्थमा भन्ने हो भने तपाईंको अगाडि जस्तोसुकै फाइँफुत्ती लगाएर आत्मबल ठूलो छ भनेर हुँकार गरेतापनि त्यो मानिस त्यस्ता चरित्रहीन स्त्रीको पासोबाट उम्कन असमर्थ भएको तपाईंले

देखिरहनुहुनेछ। स्पष्टरूपमा एक दुई जनाको बारेमा मात्र भनिरहेको लेखकको भाषाले आभास् दिन्छ तर प्रायजसो धेरै मानिसहरूको हालतको बारेमा वर्णन गर्दछ जो अपवित्र गठन्धनको पासोमा परिरहेको हुन्छ। (हिब्रू भाषामा नर्क वा शियोल sheol को अर्थ लोकमा चलेको नर्कको परिभाषा नभएर केवल चिहान भन्ने जनाउँछ जहाँ मुर्दाहरू गाडिन्छ)।

सबैकुराको सार यो हो कि सबै खालका पापहरू वा परमेश्वरको अधिनमा बस्न नचाहने वा आफूखुशीमा लाग्नेहरूको गति एउटै हुन्छ, बिनाश र मृत्यु। येशू ख्रीष्टद्वारा अनन्त जीवन जिएको परमेश्वर चाहनुहुन्छ। तर मृत्युले ठिक त्यसको बिपरित चाहेको हुन्छ।हितोपदेशमा चरित्रहरूको मामिलामा वर्णन गरिएको भाषा कडा भएको हामी पाउँछौं। हामी जीवन र मृत्यसँग कारोबार गरिरहेका छौं।

**चाहे बाइबलका ज्ञानी वा अध्यात्मिक गुरूहरू किन नहुन् जतिसुकै हस्ती वा बलियो छु, परमेश्वरको नजिक छु, मेरो आत्मबल बलियो छ भनेर आभास् देखाउने बढे बढे अगुवाहरूपनि अपत्यारलाग्दो परिस्थितिमा खस्केकोबारेमा तपाईं सोच्नुहोस्। त्यस्ता मानिसहरूको बारेमा पढ्दा वा सुन्दा के तपाईं थुरथुर काँप्नुहुन्न र? त्यसबाट बच्ने तपाईंको निम्ति केवल एक उपाय के हो?**

## उपसंहारः

**थप जानकारीः** “यदि मानिसहरूको जीवनलाई आफ्नो काबूमा राख्न दिँछ भने सैतानले तिनीहरूलाई संसारको राज्य दिने वचन दिँछ। कतिपय मानिसहरू उसको चङ्गुलमा पर्छन् र अनन्त जीवनलाई परित्याग गर्छन्। पापको वशमा पर्नुभन्दा मर्नु जाती छ। चोर्नुभन्दा अभावमा बस्नु धेरै उत्तम छ। फताहा हुनुभन्दा भोकै बस्नु धेरै असल हुन्छ।"- एलेन जी ह्वाइट, टेस्टिमोनिज फर द चर्च, ठेली ४, पृ. ४९५बाट रूपान्तरित।

“पापको कलङ्कमा आफूलाई पार्नुभन्दा बरू कङ्गाल हुनु, सबैको गाली खानु, धेरै मिल्ने तर पतन गराउने साथीभाइ वा दुःखकष्टको मारमा पर्नु जाती छ। परमेश्वरको व्यवस्थालाई भङ्ग गर्नु वा बेइज्जतको मारमा पर्नुभन्दा मर्नु उत्तम हुन्छ भन्ने मनस्थिति प्रत्येक येशूभक्तको हुनुपर्छ। हामी सुधारवादी इसाई हौं भनेर दावी गर्छौं त्यसकारण अत्यन्त गम्भिर तथा शुद्ध पार्ने परमेश्वरको वचनलाई सुरक्षित राख्न र संवर्धन गर्न भरमग्दुर प्रयास गर्नुपर्छ। त्यसो गर्दा वर्तमान इसाई आदर्शनीतिमा हामी रहिरहेकोभन्दा उच्च आदर्श नीतिलाई उचाल्नु आवश्यक भएको महशूस गर्नेछौं।"-एलेन जी ह्वाइट, टेस्टिमोनिज फर द चर्च, ठेली ५, पृ. १४७बाट रूपान्तरित।

**चिन्तनमनन:**

अ. पापको बारेमा चासो नदेखाउने क्रममा पापकै फन्दामा नपर्ने गम्भिर खतराबाट हामी कसरी उम्कने? फेरि त्यसैबखत परम्परावादीको संस्कारमा परेर औपचारिक रूपमा परमेश्वरको व्यवस्था मान्ने चलनमा नपरि हृदयदेखि परमेश्वरको व्यवस्थालाई कसरी पालन गर्ने?

आ. प्रस्थान २०:१-१७ पढ्नुहोस्। सारा दश आज्ञाहरू एक आपसमा कसरी जोडिएको छ? यदि जानाजानी एउटा आज्ञा भङ्ग गरेमा सबै आज्ञा भङ्ग गरेको कसरी ठहर्छ (याकूब २:११)? एउटा आज्ञालाई भङ्ग गर्दा अरू आज्ञाहरूलाई पनि भङ्ग गर्न पुगेको तपाईंले कहिँ पाउनुभएको छ?

इ. गलत काम गर्न मानिसहरूले धर्मलाई कसरी प्रयोग गर्छन् भन्ने कुरामा सोच्नुहोस्। प्रेमको बारेमा मानिसको आफूखुशी व्याख्याको फन्दामा पर्दा के ठिक के बेठिक भन्ने उच्च आदर्शनीतिलाई छुट्याउने खुबीमा हिलो छ्याप्न त्यति गाऱ्हो नभएको पाइन्छ। प्रेमको नाउँमा सबै खराब कामहरू भएको तपाईंले सोच्नुहोस्। प्रेमको नाउँमा धरापमा नपर्न

परमेश्वरको व्यवस्थाले हामीलाई कसरी सुरक्षित राख्न सक्छ भन्ने अर्थलाई गहिरिएर सोच्नहोस्।

ई. प्रतिकहरूलाई साँच्चिकै भन्ने मानिसको सोचबाट हामी कसरी सजग हुन? त्यही भुलकाम हामीबाट नहुन के गर्नुपर्छ? कतिपयले मूर्ती वा प्रतिकलाई साँच्चिकै हो भनेर पूजा गरेको पाइन्छ। के यस्तो संस्कार वा संस्कृतिहरू छन् जसमा मानिसलाई वा आत्मिक सत्यलाई भन्दा प्रतिमाहरूलाई बढि महत्त्व दिएर परमेश्वर र मानिसलाई अबमूल्यन गरेको तपाईंले पाउनुभएको छ वा पाइरहनुभएको छ?